**भारतीय राजदूतावास**

**काठमाडौं**

# प्रेस विज्ञप्ति

## नेपालको ललितपुरमा श्री कुमारी छैं र नयाँ कुमारी निवासको उद्घाटन

नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तव, प्रतिनिधि सभा सदस्य माननीय श्री जगदीश खरेल र ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनले मिति २०८३ भाद्र ८ गते पाटनस्थित नयाँ पुनर्स्थापित साँस्कृतिक सम्पदा स्थलहरु कुमारी छैं र नयाँ कुमारी निवासको संयुक्त रुपमा उद्घाटन गर्नुभयो । कार्यक्रमका दौरान विशिष्ट व्यक्तिहरुले उद्घाटन पट्टिका अनावरण गर्नुका साथै परम्परागत समारोहहरुमा सहभागिता जनाउनुभयो । कार्यक्रममा नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) का अधिकारीहरु, स्थानीय समुदायका प्रतिनिधिहरु तथा काठमाडौंस्थित भारतीय राजदूतावासका अधिकारीहरुको पनि सहभागिता रहेको थियो ।

२. भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोग करिब नेरु. ५ करोड लागतमा श्री कुमारी छैं र नयाँ कुमारी निवासको पुनर्निर्माण गरिएको हो र केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) द्वारा कार्यान्वयन गरिएको हो जसको डिजाइन र परियोजना व्यवस्थापन परामर्श सेवा इन्डियन नेशनल ट्रष्ट फर आर्ट्स एण्ड कल्चरल हेरिटेज (INTACH) ले उपलब्ध गराएको हो ।

३. माननीय श्री जगदीश खरेलले स्थानीय बासिन्दाहरुको योगदानको प्रशंसा गर्नुभयो र जीवित सम्पदा स्थलहरुको संरक्षणको महत्वमा जोड दिनुभयो । वहाँले सम्पदा स्थलहरुको पुनर्स्थापना पहलमा भारत सरकारले प्रदान गरेको अमूल्य सहयोगको पनि कदर गर्नुभयो ।

४. कार्यक्रममा बोल्दै नगर प्रमुख चिरीबाबु महर्जनले ललितपुर र अन्य जिल्लाहरुका साँस्कृतिक सम्पदा स्थलहरुको पुनर्निर्माण र पुनर्स्थापनामा भारत सरकारले पुऱ्याएको महत्वपूर्ण योगदानको निकै प्रशंसा गर्नुभयो । वहाँले स्थानीय समुदायलाई समेत वहाँहरुको सहयोग र सहकार्यको लागि आभार प्रकट गर्नुभयो ।

५. राजदूतले आफ्नो मन्तव्यमा भारत र नेपालबीचको गहिरो साँस्कृतिक सम्बन्धलाई प्रकाश पार्नुभयो । वहाँले नेपालका ऐतिहासिक धरोहरहरुको पुनर्स्थापनाका लागि भारतको निरन्तर सहयोगबारे बोल्दै यी पुनर्निर्मित संरचनाहरु दुई देशबीचको साझा सम्पदा र मित्रताको चिरस्थायी प्रतीकको रुपमा उभिएको कुरा समेत उल्लेख गर्नुभयो ।

६. भारत सरकारले भूकम्पपछिको पुनर्निर्माण सहायतामार्फत नेपालका ८ वटा जिल्लाका ३० वटा साँस्कृतिक सम्पदा स्थलहरुको संरक्षणमा सहयोग पुऱ्याएको छ । भारत सरकारले गोरखा र नुवाकोट जिल्लामा ५०,००० निजी आवासहरुको पुनर्निर्माण, ८ वटा जिल्लामा ८५ वटा शैक्षिक संस्थाहरुको पुनर्निर्माण तथा नेपालका ११ वटा जिल्लामा १३३ वटा स्वास्थ्य संस्थाहरुको पुनर्निर्माणमा समेत सहयोग गरेको छ ।

७. यो परियोजनाले भूकम्पपछिको पुनर्निर्माणमा नेपाल सरकारको प्रयासलाई पूरक बनाउनुका साथै भारत र नेपालबीचको प्रगाढ र व्यापक विकास साझेदारीलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं, नेपाल

२०८३ भाद्र ८